07 July, 2025

National News

<u>मुख्य समाचार</u>

1. प्रधानमन्त्री नरेन्द्र मोदीले कुनैपनि देशले महत्वपूर्ण खनिजहरू, प्रोद्यौगिकी र आपूर्ति श्रंखलाहरूलाई आफ्नो स्वार्थका लागि हथियारको तवरमा प्रयोग गर्नु न हुने भन्नुभएको छ।

2. भारतले Brics का नेताहरूको घोषणा पत्रले Global South को देशहरूका धेरजसो चिन्ताहरूलाई समाहित गरेको भनेको छ।

3. ब्रजीलको Rio De Jancria मा ब्रिक्स शिखर सम्मेलनको दोस्रो दिन आज पर्यवर्ण COP -30 र वैश्विक स्वास्थ्यबारे एक सत्र हुनेछ।

4. रक्षा मन्त्री राजनाथ सिंहले Operation Sindoor को बेला भारतका घरेलु उपकरणहरूको प्रदर्शन क्षमताले स्वदेशी रक्षा उत्पादहरूको वैश्विक मागमा वृद्धि गरेको भन्नुभएको छ।

5. मौसम विभागले आज मध्य महाराष्ट्र र विदर्भमा मूसलाधार पानी पर्ने संभावना जनाएकोछ। उत्तर पश्चिम भारतका कैयन भागहरूमा पनि मूसलाधार वर्षा हुने संभावना व्यक्त गरिएकोछ।

<u>प्रधानमन्त्री – महत्वपूर्ण खनिज संसाधन</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, कुनैपनि देशलाई महत्वपूर्ण खनिजहरू प्रोद्यौगिकी र आपूर्ति श्रंखलाहरूलाई आफ्नो स्वार्थका लागि हथियारको तवरमा प्रयोग गर्नु हुँदैन। रियो डी जेनेरियोमा BRICS शिखर सम्मेलनको बेला संवाद सत्रमा श्री मोदीले भन्नुभयो महत्वपूर्ण खनिज र प्रोद्यौगिकी क्षेत्रमा अधिक सहयोगका साथ आपूर्ति श्रंखलाहरूलाई सुरक्षित अनि लचीलो पार्नमाथि ध्यान दिने आवश्यकताछ। उहाँले भन्नुभयो,Brics New Development बैंक परियोजनाहरूमा माग आधारित निर्णय लिने, वित्तीय स्थिरता र राम्रो credit rating कायम राख्नुमा ध्यान दिइनुपर्दछ।

प्रधानमन्त्रीले भन्नुभयो एक्काइसौं शताब्दीमा मानिसहरूको प्रगति र कल्याण धेरजसो, प्रोद्यौगिकी विशेष रूपले Artificial Intelligence, AI माथि निर्भरछ AI को जिम्मेदारीपूर्ण प्रयोगमा उहाँले जोड़ दिनुभयो।

पी एम –दम्मू रवि

भारतले Brics का नेताहरूको घोषणा पत्रले Global South का देशहरूका धेरजसो चिन्ताहरूलाई समाहित गरेको भनेकोछ। Brazil को Rio De Janerio मा Brics शिखर सम्मेलनको पहिलो दिनको समायन पछी सम्वाददाताहरूसित कुराकानी गर्दै विदेश मन्त्रालयमा आर्थिक संबधहरूका सिचिव Demmu  रविले प्रधानमन्त्री नरेन्द्र मोदीले बहुपक्षीय वैश्विक संगठनहरूमा सुधारको आवश्यकता भएको कुरा गत्तिलो पाराले राख्नुभएको भन्नुभयो। श्री मोदीले भन्नुभयो 20 औं शताब्दीका संगठनहरूमा 21 औं शताब्दीका चुनौतिहरूको सामना गर्ने क्षमताको अभावछ अनि बहुद्धतीय तथा समावेशी विश्व व्यवस्थाको खाँचोछ।

सचिव दम्मु रविले थप भन्नुभयो यस शिखर सम्मेलनमा सबै देशहरूले पहलगाम आतंकी हमलाहरूको कड़ा निन्दा गरे।

प्र. म.- ब्रिक्स शिखर सम्मेलन

ब्रजीलको रियो डी जेनेरियोमा ब्रिक्स शिखर सम्मेलनको दोस्रो दिन आज, पर्यावरण, COP - 30(Thirty) र वैश्विक स्वास्थ्यबारे एक सत्र हुनेछ।

प्रधानमन्त्री नरेन्द्र मोदीले पर्यावरण संबधी कारर्वाईका लागि भारतको गहिरो प्रतिबद्धता व्यक्त गर्नुहुनेछ। श्री मोदीले भारतका जनता अनि पृथ्वीका विकासका लागि गरिएका प्रयासहरूबारे पनि विस्तारसित जानकारी दिनुहुनेछ। उहाँले अंतरर्ष्ट्रिय सौर गठबन्धन, आपदा  रोधी पर्वाधार ढांचा गठबन्धन, जैव ईंधन गठबन्धन र बिग कैट मिशनका पहलहरूबारे पनि चर्चा गर्नुहुनेछ। शिखर सम्मेलनमा जलवायु वित्तपोषणबारे Brics नेताहरूको रुपरेखाको घोषणा गरिनेछ। सामाजिक तवरमा निर्धारित रोगहरूको उन्मूलनका लागि Brics साझेदारी पनि थालिनेछ।

सम्मेलन पछि प्रधानमन्त्री मोदी ब्रजीलको राजधानी Brasilia जानुहुनेछ। कुनैपनि भारतीय प्रधानमन्त्रीको पछिल्ला 57 वर्षमा ब्रजीलको यो पहिलो यात्रा हो। ब्रजीलमा भारतका राजदूत दिनेश भाटियाले बताए, प्रधानमन्त्रीको यात्राको बेला भोलि चार सम्झौता ज्ञापनहरूमा हस्ताक्षर गरिनेछ। यसमा आतंकवादको सामना गर्नका लागि मिलेर काम गर्नु गोपनीय सूचनाहरूको आदान- प्रदान गर्न अनि नीकरणीय ऊर्जा तथा कृषि अनुसन्धानमा सहयोग शामेल छन्।

राजनाथ – रक्षा आर्थिकी

रक्षा मन्त्री राजनाथ सिंहले हालैमा अपरेशन सिन्दूरको बेला भारतका घरेलु उपकररणहरूको प्रदर्शन क्षमताले स्वदेशी रक्षा उत्पादहरूको वैश्विक मागमा वृद्धि गरेको भन्नुभएको छ। नयाँ दिल्लीमा आज नियन्त्रक सम्मेलनलाई सम्बोधित गर्दै श्री सिंहले भारतको रक्षा क्षेत्रमा अपार संभावनाहरू छन् भन्नुभयो।

उहाँले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले रक्षा क्षेत्रमा धेरै आत्मनिर्भरता प्राप्त गरेकोछ। उहाँले रक्षा क्षेत्रमा आर्थिकीको महत्वमा जोड़ दिदैं भन्नुभयो, अमेरीका र युरोपेली देश लगायत लगभग सबै प्रमुख देशहरूले आफ्नो रक्षा खर्चमा वृद्धि गरि रहेकाछन्।

बिहार- वैष्णव

रेल मन्त्री अश्विनी वैष्णवले भन्नुभएकोछ, प्रधानमन्त्री नरेन्द्र मोदीले नेतृत्वमा रेलवे, देशको विकासका निम्ति प्रतिबद्धछ।

बिहारको समस्तीपूरमा कर्पूरी ग्राम रेलवे स्टेशनमा एक जनसभालाई संबोधित गर्दै श्री वैष्णवले विगत एघार वर्षमा 33 हजार किलोमिटर भन्दा बढ़ि नयाँ रेल लाइन ओछ्याइएकोछ भन्नुभयो।

रेल मन्त्रीले अन्य राज्यहरूको तुलनामा बिहारमा वन्दे भारत र नमो भारत एक्सप्रेस रेलहरूको संख्या बढ़ि छन् भन्नुभयो। उहाँले भन्नुभयो, केन्द्रले बिहारमा रेलवेको विकासका लागि बजटमा दस हजार करोड़ रूपियाँको धनराशि आबंटित गरेकोछ।

यस अघि श्री वैष्णवले 17 करोड़ रूपियाँ भन्दा बढ़िको परियोजना लागतका साथ कर्पूरी ग्राम स्टोशनको स्तरवृद्धि र नयाँ लेभर क्रस्सिङ को आधारशिला राख्नुभयो।

जयपुर जी किशन रेड्डी

केन्द्रिय कोइला तथा खान मन्त्री जी किशन रेड्डीले भन्नुभएकोछ केन्द्र सरकारले खनन क्षेत्रको विकास , जन कल्याण तथा पर्यवरण संरक्षणका लागि कैयन महत्वपूर्ण सुधारहरू गरेको छ। श्री रेड्डी आज जयपुरमा सात तारे अनि पाँच तारे रेंटिङ प्राप्त खदानहरूको सम्मान समारोहलाई संवोधित गर्दै हुनुहुन्थ्यो।

अनिवार्य घोषणा- पब्लिक स्पीक

अकाशवाणीको समाचार सेवा प्रभागले फोन- इन कार्यक्रम “पब्लिक स्पीक” मा आज राति 9 बजेर 30 मिनिट देखि कर्मचारी अभिष्य निधि संगठन की डिजिटल क्रान्तिः सेवाओं मे सुधार और सरलीकरण विषयमाथि परिचर्चा प्रसारित गर्नेछ। कर्मचारी भविष्य निधि संगठनका केन्द्रीय भविष्य निधि आयुक्त श्री रमेश कृष्णमूर्तिले परिचर्चामा भग लिनुहुनेछ।

श्रोताले कार्यक्रमको बेला स्टुडियोमा उपस्थित विशेषज्ञसित भविष्य निधि संबधित प्रश्नहरू सोध्न सक्नेछन्। टेलीफोन नम्बररू यस प्रकार छन् – 01123421050 र 01123314444 साथै whatsapp नम्बर हो 9289094044 हैशटैग Ask AIR का साथ एक्समा पनि प्रश्नहरू पोस्ट गर्न सकिन्छ।

## मौसम

मौसम विभागले आज मध्य महाराष्ट्र र विदर्भमा सूसलधार पानी पर्ने संभावना जनाएकोछ। विभागले उत्तर पश्चिम भारतका कैयन भागहरूमा आज मूसलाधार वर्षा हुने अनि चट्याङ पर्ने संभावना पनि रहेको भनेको छ। यी 7त्रहरूमा गुजरात, राजस्थान, हरियाणा, कोकस, गोवा, ओड़िया, ततीय कर्नाटक तथा उत्तरप्रदेश शामेल छन्।